लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ ५ नं. प्रदेश, नेपाल

## कार्यपालिका बैठकको निर्णय मिति : २०७६।८।४ गते ।

**निर्णय नं. १** : नेपाल पत्रकार महासंघ, दाङ शाखाको मिति २०७६।०७।१९ गतेको पत्रानुसार नेपाल पत्रकार महासंघ, दाङ शाखाका सदस्य एवं प्रदेश पार्षद श्री महेश रिजालको मुटु रोग सम्बन्धी उपचार काठमांडौ स्थित श्री गंगालाल हृदयरोग केन्द्रमा भईरहेकोले आर्थिक सहयोगको लागि माग भई आएकोमा निजलाई उपचार सहयोगार्थ नगद रु. २०,०००।- (बिस हजार) रकम प्रदान गर्ने ।

**निर्णय नं. २** : लमही नगरपालिका वडा नं. ५ कान्छि रोडमा अवस्थित विश्वास काष्ठ फर्निचर तथा उपहार स्टिल फर्निचर उद्योगमा मिति २०७६।४।३२ गते आगलागी भई क्षति हुन गई आर्थिक सहयोग मागभई आएकोले निज उद्योगलाई राहत स्वरुप रु. २०,०००।-(बिस हजार) प्रदान गर्ने ।

**निर्णय नं. ३** : लमही नगरपालिका वडा नं. ४ र ६ को क्षेत्रभित्र पर्ने लमही कोइलावास सडकमा चालु आ.व.२०७६।०७७ मा प्रयोग गरिएको हयुमपाईपहरुको बिल बमोजिमको रकम चालु आ.व.२०७६।०७७ मा बिनियोजन गरिएको लमही नगरपालिकाको जगेडा कोषबाट भुक्तानी गर्ने ।

**निर्णय नं. ४** : लमही नगरपालिकामा संचालन हुनगईरहेको खानेपानि, सरसफाई र स्वच्छता(WASH) सम्वन्धी योजनाको बारेमा सम्पुर्ण कार्यपालिका सदस्य ज्यूहरुलाई जानकारी गराईयो ।

**निर्णय नं. ५** : साविक त्रिबेणी गाँउपालिका वडा नं. ७, रोल्पा निवासी श्री जित बहादुर बि.क. लामो समय देखी बिभिन्न रोगबाट पिडित भईरहेको र उपचारको लागि आर्थिक सहयोगको लागि त्रिबेणी गाँउ कार्यपालिकाको कार्यालय, रोल्पा को सिफारिस सहित आएकोले सहयोग स्वरुप रु.१०,०००।- (दश हजार) आर्थिक सहायता उपलब्ध गराउने ।

२०७६।८।४

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ६: यस लमही नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुले प्रदान गर्ने सेवा प्रवाहलाई प्रभावकारी बनाउन लमही नगरपालीकाको आन्तरिक श्रोतबाट पारिश्रमीक उपलब्ध गराउने गरी देहाय बमोजिम दरवन्दी स्विकृत गर्ने । र, उल्लेखित पदहरुमा करार सेवाको रुपमा पदपूर्ति गर्न अन्य कार्यविधि नभएकाले **लमही नगरपालिकामा करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५** बमोजिम पदपुर्ति प्रक्रिया अगाडी बढाउने ।

तपसिल

| क्र.स. | पदपुर्ति गर्ने पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सहायक कम्प्युटर अपरेटर (सहायकस्तर चौथो) | ४ जना | वडा कार्यालयहरु २, ५,६ र ८ को लागि प्रत्येक वडा कार्यालयमा १/१ जना |
| २ | कार्यालय सहयोगी | १ जना | नगर कार्यपालिका कार्यालयको लागि १ जना |
| ३ | कार्यालय सहयोगी | २ जना | वडा कार्यालयहरु १ र ५मा १/१ जना |
| ४ | ट्याक्टर चालक | १ जना | नगर कार्यपालिका कार्यालयको लागि १ जना |
| ५ | स्वीपर | १ जना | नगर कार्यपालिका कार्यालयको लागि १ जना |
| ६ | भान्से | १ जना | नगर कार्यपालिका कार्यालयको लागि १ जना |

निर्णय नं. ७ : लमही अस्पतालमा विगत वर्षहरुमा औषधि खरिद गरेको पुरानो रकम श्री युनाईटेड साइन्टिफीक एण्ड सर्जिकल हाउस प्रा.लि. तथा अन्य फर्म/प्रा.ली. एवं व्यापारीहरु संग औषधि तथा कार्यालय प्रयोजनका अन्य सामग्रीहरुको भुक्तानी बाँकी रहेकोमा भुक्तानी माग भई आएकोले लमही नगर कार्यपालीका,आर्थिक समितिको संयोजक श्री सुवास न्यौपाने (अध्यक्ष, ४ नं. वडा कार्यालय), लमही नगरकार्यपालिका कार्यालयका आर्थिक प्रशासन प्रमुख श्री गौरव कुमार लामिछाने, लमही अस्पतालको निमित्त मेडिकल सुपरिटेन्डेन्ट श्री आकास बेल्बासे र लमही अस्पतालको जिन्सी शाखा हेर्ने कर्मचारी श्री हिमाल आचार्य सहितको ४ सदस्यीय छानबिन टोलीले बिल भपाईहरु परिक्षण गरि राय ठहर सहित प्रतिबेदन पेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं.८: यस कार्यालयको भवन तथा पूर्वाधार विकास शाखा तर्फ कार्यरत प्राबिधिक कर्मचारी (इन्जिनियर १, सव इन्जिनियर १,असिस्टेण्ट सव इन्जिनियर २) हरुको कामको चापलाई मध्यनजर गर्दा कार्यालय समयमा मात्र कार्य सम्पादन गर्न नसकिने देखीएकोले थप चार घण्टा कार्य समय थप गर्ने साथै थप कार्य सम्पादन गरेबापत मासिक सुरु स्केलको ५०%(पचास प्रतिशत) प्रोत्साहन भत्ता दिने ।

निर्णय नं. ९: यस लमही नगरपालिकाका जनप्रतिनिधि ज्यूहरुको ज्ञान तथा सिप अभिबृद्धि गर्न मिति २०७६ साल मंसिर महिनाको अन्तिम सातामा नमुना योग्य स्थानीय तहको अवलोकन भ्रमणमा जाने र उक्त भ्रमणको नगर प्रमुख र नगर उप-प्रमुख ज्यूबाट नेतृत्व गरि दुई चरणमा ब्यवस्थीत गर्ने ।

निर्णय नं. १०: आर्थिक वर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रममा लमही नगरपालिकाको क्षेत्रमा संचालन हुने आयोजनाहरुमा कुल लागतको १०% लागत मूल्य बराबरको उपभोक्ता समितिबाट लागत सहभागितामा सम्पन्न गर्ने गरि पारित भएकोमा आगामी नगरसभाबाट अनुमोदन गर्ने गरि उक्त लागत सहभागीतालाई उपभोक्ताको श्रमदानबाट सम्पन्न गर्ने ।

निर्णय नं. ११: यस लमही नगरकार्यपालिका अन्तर्गतका तपसिलका अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको म्याद २०७६ असोज मसान्त सम्म रहेकोमा मिति २०७६ साल कार्तिक १ गते देखी २०७७ साल आषाढ मसान्त सम्म म्याद थप गर्ने ।

**तपसिल**

**क) लमही नगर कार्यपालीका कार्यालय( पूर्वाधार तथा भवन शाखा)**

| क.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री विजयदेव चौधरी | ईन्जिनियर | करार |
| २. | श्री विकास सिंह | सव. ईन्जिनियर | करार |
| ३. | श्री पुनिराम चौधरी | अ. सव. ईन्जिनियर | करार |
| ४. | श्री पुनम चौधरी | अ. सव. ईन्जिनियर | करार |
| ५. | श्री कृष्ण बहादुर नेपाली | स. चौथो अमिन | करार |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ख) लमही नगर कार्यपालीका कार्यालय( योजना शाखा)

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री पुष्पराज अधिकारी | सहायकस्तर पाँचौ | करार |
| २ | श्री कोपिला चौधरी | सामाजिक परिचालक | करार |

ग) लमही नगर कार्यपालीका कार्यालय( प्रशासन शाखा)

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री लुमेश्वर गिरी | खरिदार | अस्थायी |
| २ | श्री रमेश चन्द | क. अपरेटर | करार |
| ३ | श्री रमा खड्का | स. चौथो टेलीफोन अपरेटर | करार |
| ४ | श्री विन्ती राम चौधरी | हलुका सवारी चालक | करार |
| ५ | श्री बुद्धीराम डाँगी | हलुका सवारी चालक | करार |
| ६ | श्री मधुसुदन के.सी. | भारी सवारी( टीपर ) चालक | करार |
| ७ | श्री गंगा बहादुर कुमाल | कार्यालय सहयोगी | करार |
| ८ | श्री उमेश आचार्य | पाले | करार |
| ९ | श्री रामनारायण चौधरी | कार्यालय सहयोगी (श्रेणी बिहिन) | ज्यालादारी |
| १० | श्री आइतराम वली | भान्से (श्रेणी बिहिन) | ज्यालादारी |

ग) लमही नगर कार्यपालीका कार्यालय( सरसफाई शाखा)

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री कुलेश्वर चौधरी | स. चौथो सरसफाई व्यवस्थापक | अस्थायी |
| २ | श्री फुलराम चौधरी | ट्याक्टर चालक | करार |
| ३ | श्री प्रेमभक्त कुमाल | ट्याक्टर चालक | ज्यालादारी |
| ४ | श्री मिठ्ठुलाल कुमाल | स्वीपर | करार |
| ५ | श्री प्रेम कुमारी कुमाल | स्वीपर | करार |
| ६ | श्री बिर बहादुर चौधरी | स्वीपर | ज्यालादारी |
| ७ | श्री राजकुमारी खत्री | स्वीपर | ज्यालादारी |

घ) लमही नगर कार्यपालीका कार्यालय( दमकल शाखा)

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री पटन चौधरी | दमकल चालक | करार |
| २ | श्री चन्द्र बहादुर बि.क. | दमकल चालक | करार |
| ३ | श्री भिखराम चौधरी | फायर म्यान | करार |
| ४ | श्री सर्जुन चौधरी | फायर म्यान | करार |
| ५ | श्री प्रकाश रावत | फायर म्यान | करार |
| ६ | श्री कृष्ण चौधरी | फायर म्यान | करार |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ङ) वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरु

वडा नं. १

| क्रसं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गिरा घर्ती | सहायक स्तर चौथो | करार |
| २ | श्री राधा घिमिरे | सहायक कम्प्युटर अपरेटर, सहायक स्तर चौथो | करार |

वडा नं. २

| क्रसं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री सन्तोष चौधरी | सहायक कम्प्युटर अपरेटर, सहायक स्तर चौथो | ज्यालादारी |
| २ | श्री बासुदेव रेग्मी | कार्यालय सहयोगी, श्रेणी बिहिन | करार |

वडा नं. ३

| क्रसं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री रोशन चौधरी | सहायक कम्प्युटर अपरेटर, सहायक स्तर चौथो | करार |
| २ | श्री हुमा खत्री | कार्यालय सहयोगी | करार |

वडा नं. ४

| क्रसं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री शर्मिला चौधरी | सहायक कम्प्युटर अपरेटर, सहायक स्तर चौथो | करार |
| २ | श्री फुलमती चौधरी | कार्यालय सहयोगी(श्रेणी बिहिन) | करार |

वडा नं.५

| क्रसं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री सिमा चौधरी | सहायक कम्प्यूटर अपरेटर, सहायक स्तर चौथो | करार |
| २. | श्री रामशंकर चौधरी | सहायक कम्प्युटर अपरेटर (स.चौथो) | करार |
| ३. | श्री कालिका के.सी. | कार्यालय सहयोगी(श्रेणी बिहिन ) | करार |

वडा नं. ६

| क्रसं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री कमल चौधरी | वडा सचिव (सहायकस्तर चौथो) | अस्थायी |
| २ | श्री बर्षा खड्का | सहायक कम्प्युटर अपरेटर(स.चौथो) | ज्यालादारी |
| ३ | श्री रमा वली डाँगी | कार्यालय सहयोगी, श्रेणी बिहिन | करार |

वडा नं. ७

| क्रसं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री शिवनारायण चौधरी | सहायक कम्प्युटर अपरेटर, सहायक स्तर चौथो | करार |
| २ | श्री प्रेमलता चौधरी | कार्यालय सहयोगी, श्रेणी बिहिन | करार |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

घोराही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही दाङ
५ नं. प्रदेश, नेपाल

वडा नं. ८

| क्रसं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री विष्णु कुमारी बस्नेत | सामाजिक परिचालक | करार |
| २ | श्री बसुन्धरा चौधरी | कार्यालय सहयोगी, श्रेणी बिहिन | अस्थायी |

वडा नं. ९

| क्रसं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री नगेन्द्र पसाद चौधरी | सहायक कम्प्युटर अपरेटर, सहायक स्तर चौथो | करार |
| २ | श्री सुनिता कवर मगर | कार्यालय सहयोगी, श्रेणी बिहिन | करार |

**च) स्वास्थ्य चौकी, सतवरीया**

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री पुजा चौधरी | अ.न.मी | सहायक स्तर चौथो(करार) |
| २. | श्री शारदा खनाल | अ.न.मी | सहायक स्तर चौथो (करार) |
| ३. | श्री प्रेम बहादुर चौधरी | अ.हे.व. | सहायक स्तर चौथो(करार) |
| ४. | श्री रविलाल चौधरी | एम्वुलेन्स चालक | श्रेणी बिहिन (करार) |
| ५. | श्री सिता कुमारी चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहिन (करार) |

**छ) स्वास्थ्य चौकी, सोनपुर**

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री वसन्ती चौधरी | अ.न.मी | सहायक स्तर चौथो(करार) |
| २. | श्री आशाराम चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहिन (करार) |
| ३ | श्री सम्झना नेपाली | कार्यालय सहयोगी | श्रेणी बिहिन (करार बर्थिङ्ग सेन्टर) |

**ट) नगर स्वास्थ्य केन्द्र, वसन्तपुर ( साविक बौराह) वार्ड नं. १**

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री रिता कुँवर | अ.हे.व. | सहायक स्तर चौथो (करार) |
| २ | श्री सपना के.सी. | अ.न.मी. | सहायक स्तर चौथो(करार) |
| ३ | श्री दुरपता वली | कार्यालय सहयोगी | श्रेणी बिहिन (करार) |

**ठ) नगर स्वास्थ्य केन्द्र, बनकट्टा , वार्ड नं. २**

| क्र. सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री कमला चौधरी | अ.हे.व | सहायक स्तर चौथो(करार) |
| २. | श्री सितारामी चौधरी | अ.न.मी. | सहायक स्तर चौथो(करार) |
| ३ | श्री सिर्जना पोखरेल | कार्यालय सहयोगी | श्रेणी बिहिन (करार) |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

ड) नगर स्वास्थ्य केन्द्र, बनकट्टा , वार्ड नं. ३

| क्र. सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री प्रतिक्षा ज्ञवाली | अ.न.मी. | सहायक स्तर चौथो(करार) |
| २ | श्री देवा कुमारी भण्डारी | कार्यालय सहयोगी | श्रेणी बिहिन (करार) |
| | अ.हे.व. पद रिक्त रहेको | | |

ढ) नगर स्वास्थ्य केन्द्र, घुम्ना वार्ड नं ४

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री सरस्वती कुमारी चौधरी | अ.हे.व | सहायक स्तर चौथो(करार) |
| २. | श्री पुनम कुमारी चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहिन (करार) |
| | अ.न.मी. पद रिक्त रहेको | | |

ण) नगर स्वास्थ्य केन्द्र, मध्यनगर ( वार्ड नं ६)

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री विष्णु माया पौडेल | अ.हे.व | सहायक स्तर चौथो(करार) |
| २. | श्री अर्चना श्रेष्ठ | अ.न.मी. | सहायक स्तर चौथो(करार) |
| | कार्यालय सहयोगी पद रिक्त | | |

त) नगर स्वास्थ्य केन्द्र, बन्नौ वार्ड नं ७

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री शान्ति सिंह रसाईली | अ.हे.व | सहायक स्तर चौथो(करार) |
| २. | श्री सरस्वती कुमारी डाँगी | अ.न.मी. | सहायक स्तर चौथो(करार) |
| ३. | श्री रमिता चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहिन (करार) |

थ) नगर स्वास्थ्य केन्द्र, अमिलीया ( वार्ड नं ९)

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री रितु मल्ल | अ.न.मी | सहायक स्तर चौथो(करार) |
| २. | श्री रिता बस्नेत | कार्यालय सहयोगी | श्रेणी बिहिन (करार) |
| | अ.हे.व. पद रिक्त रहेको | | |

द) लमही अस्पताल

१३.१.करार कर्मचारी (अस्पताल संचालन तथा व्यवस्थापन समितिको करार बाहेक)

| क्र.स. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री सन्तोष न्यौपाने | फार्मेसी सहायक | सहायक पाँचौ, करार |
| २ | श्री धिरेन्द्र चौधरी | फार्मेसी सहायक | सहायक पाँचौ, करार |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं.१२: लमही नगरकार्यपालिका कार्यालय अन्तर्गत कार्यरत कर्मचारी (अस्थाई, करार, तथा ज्यालादारी) हरुले खाईपाई आएको मासिक पारिश्रमिक सेवा सुविधाहरुमा विविधता देखिएकोले सबैको तहगत रुपमा समरुप सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आर्थिक व्ययभार के कसरी व्यवस्थापन गर्न सकिन्छ सो को बिष्लेशनात्मक विवरण तयार गरि पेश गर्न लमही नगरकार्यपालिकाको कार्यालयबाट लेखा अधिकृत श्री गौरव कुमार लामीछानेको संयोजकत्वमा योजना शाखाका श्री पुष्पराज अधिकारी(सहायकस्तर पाँचौ) र कम्प्युटर अपरेटर श्री रमेश चन्दको संयुक्त सदस्य रहेको समिति गठन गरी प्रतिवेदन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देश गर्ने ।

निर्णय नं. १३ : लमही अस्पतालमा साविक अस्पताल संचालन तथा व्यवस्थापन समितिबाट पदपुर्ति भएका करार तथा ज्यालादारी कर्मचारीहरुको म्याद मिति २०७६ आषाढ मसान्तबाट सकिएकोमा अस्पताल संचालन तथा व्यवस्थापन समिति गठन नभएकोले तपसिलका कर्मचारीहरुको २०७६ श्रावण ०१ गते देखी २०७७ आषाढ मसान्त सम्म म्याद थप गरि साविक को तलबमा मिति २०७६।०३।२६ गते बसेको कार्यपालिका बैठकको निर्णय नं. २ बमोजिमनै तल उल्लेखित कर्मचारीहरुको हकमा समेत लागु हुने गरि तलब बृद्धि गर्ने

तपसिल

| क्र.स. | कर्मचारीको नाम थर | पद | तह | कैफियत |
|---|---|---|---|---|
| १ | श्री श्रृजन पौडेल | ल्याव टेक्निसियन | सहायक पाँचौ | करार |
| २ | श्री तपेन्द्र तिरुवा | डार्करुम असिस्टेन्ट | सहायक चौथो | करार |
| ३ | श्री सिला चौधरी | अ.न.मी | सहायक चौथो | करार |
| ४ | श्री बिबेक चौधरी | ल्याव असिष्टेन्ट | सहायक चौथो | करार |
| ५ | श्री बिर बहादुर चौधरी | एम्बुलेन्स चालक | श्रेणीबिहिन | करार |
| ६ | श्री कलशपति चौधरी | कार्यालय सहयोगी | श्रेणीबिहिन | ज्यालादारी |
| ७ | श्री सुनिता चौधरी | कार्यालय सहयोगी | श्रेणीबिहिन | ज्यालादारी |

निर्णय नं. १४ : तराई मधेश समृद्धि कार्यक्रमबाट यस नगरपालिकामा आधुनिक बधशाला निर्माणार्थ प्राप्त अनुदान रकम रु.३०,००,०००।-(तिस लाख) बाट लमही नगरपालिकाको पूर्व पश्चिम राजमार्ग उत्तर तर्फ वडा नं. ४ र ५ मा पर्ने आ.व. २०७४।०७५ मा निर्माण सुरु गरिएको सार्वजनिक शौचालयको नजीक खाली रहेको सरकारी जग्गामा बधशाला निर्माणको लागि उक्त विनियोजित बजेटमा नगरपालीकामा व्यवस्था गरिएको जगेडा कोषको रुकमबाट चाहिने बजेट रकम समपुरक योगदानको लागि व्यवस्थापन गर्ने गरि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. १५** : नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधामन्त्री रोजगार कार्यक्रम) को मिति २०७६।०७।२६ गते को पत्र मार्फत स्थानीय तहमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई १०० दिनको न्यूनतम रोजगारी प्रदान गर्नका लागि वडा कार्यालयहरुबाट प्राप्त आयोजनाहरु छनौट गरि लागत अनुमान सहित नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. १६** :लमही नगर क्षेत्र भित्रका १७ वटा विद्यालयहरु लाई सूचना प्रविधि मैत्री शिक्षा प्रणालिको विकास गर्नका लागि शिक्षामा प्रविधिको प्रयोग सम्वन्धी कार्यकम प्रदेश सरकारको विशेष अनुदान कार्यकम मार्फत माग गरि संचालन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner